# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।१२ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला दाङ, राजपुर गाउँपालिका, वडा नं. ०४ का वडा सचिव र वडा अध्यक्षले भारतीय नागरिक आलम जोल्हालाई पैसा लिई नागरिकता दिलाई भ्रष्टाचार गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा राजपुर गाउँपालिका, वडा नं. ४, दाङका वडा अध्यक्ष रामेश्वर यादव भन्ने **रामेश्वर अहिर**, तत्कालीन कार्यालय सहायक **मिना चौधरी**, स्थानीय पञ्जिकाधिकारी वडा सचिव **राजेश कुमार कहार,** इलाका प्रशासन कार्यालय लमही, दाङका तत्कालीन कार्यालय प्रमुख **प्रेम बहादुर खवास तथा आएसा जोल्हा र आलम जोल्हा** समेतको मिलेमतोमा वदनियत राखी नागरिकता प्राप्त गर्न अयोग्य गैरनेपाली व्यक्ति आलम जोल्हालाई जिल्ला दाङ, राजपुर गाउँपालिका, वडा नं. ४ स्थायी ठेगाना भएका स्वर्गीय सनाउल्ला जोल्हाको छोरा देखाई गैरकानुनी तवरबाट नागरिकताको प्रमाणपत्र दिलाउने उद्देश्यले नागरिकता प्रमाणपत्रका लागि तथा जन्मदर्ता गर्दा सिफारिस गरिएका व्यक्ति स्थानीय हुन होइनन् भनी जाँचीबुझी सिफारिस गर्नुपर्नेमा गैरकानुनी स्वार्थ प्राप्तिका लागि सार्वजनिक संस्थाको कागजातमा अनाधिकार एवं गैरकानुनी तरिकाले मृत्युदर्ता प्रमाणपत्र सच्याउने, केरमेट गर्ने, थपघट गर्ने, हेरफेर गरी निज सनाउल्ला जोल्हाको मिति २०३८।०१।१५ गते नै मृत्यु भइसकेकोमा निजको मिति २०४१।०१।१५ गते मात्र मृत्यु भएको भनी झुट्टा व्यहोराको मृत्युदर्ता प्रमाणपत्र तयार गरी गराई निज आलम जोल्हाको बुबा सनाउल्हा जोल्हा र आमा ताहिर जोल्हाबाट मिति २०३९।११।२५ गते जिल्ला दाङ, साविक राजपुर गाउँ विकास समिति, वडा नं. ३, दुलैयामा जन्म भएको भन्ने झुट्टा व्यहोराको जन्मदर्ता प्रमाण पत्र तयार गरी गराई प्रतिवादी आएसा जोल्हाले आलम जोल्हा आफ्नो सहोदर भाई भएको भनी झुट्टा व्यहोराको सनाखत गरी गराई वडा अध्यक्ष रामेश्वर यादव भन्ने रामेश्वर अहिरले सिफारिस समेत गरेको र सोही सिफारिसका आधारमा ईलाका प्रशासन कार्यालय, लमही, दाङका तत्कालीन कार्यालय प्रमुख प्रेम बहादुर खवासले निज आलम जोल्हाको सम्बन्धमा स्थानीय प्रहरी कार्यालयमार्फत निज आलम जोल्हा निज सनाउल्ला जोल्हाको छोरा भए/नभएको र निजलाई बंशजको आधारमा नागरिकता दिन मिल्ने नमिल्ने सम्बन्धमा वास्तविकता बुझी एकीन गर्नुपर्ने एवं निज सनाउल्ला जोल्हाको छोरी आएसा जोल्हाले नागरिकता लिंदा कार्यालयमा पेस गरेका कागजातहरूसमेतको आधारमा चेकजाँच गरेर मात्र नागरिकताको प्रमाण पत्र जारी गर्नुपर्नेमा सो नगरी उल्लिखित झुट्टा गलत व्यहोराका प्रमाण कागजातहरू जानी बुझी एक आफसमा गैरकानुनी लाभ सुविधा एवं स्वार्थ पूरा गर्ने गराउने उद्देश्यले तयार गरी गराई सोही कागजातको आधारमा निज आलम जोल्हालाई मिति २०७५।०८।२८ गते ना.प्र.नं.५२-०६-७५-०३८२६ को नागरिकताको प्रमाणपत्र जारी गरेको देखिंदा उक्त कार्यमा संलग्न निज प्रतिवादीहरू उपर देहायबमोजिमको कसुरमा देहायबमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं. | नामथर, पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | ईलाका प्रशासन कार्यालय, लमही, दाङका तत्कालीन कार्यालय प्रमुख शाखा अधिकृत **प्रेम बहादुर खवास** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही दफा ९ बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |
| २. | राजपुर गाउँपालिका, वडा नं. ४ का तत्कालीन वडा अध्यक्ष **रामेश्वर यादव भन्ने रामेश्वर अहिर** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही दफा ९ बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | राजपुर गाउँपालिका, वडा नं. ४ का तत्कालीन वडा सचिव (स्थानीय पञ्जिकाधिकारी) **राजेश कुमार कहार** र कार्यालय सहायक **मिना चौधरी** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरमा सोही दफा ११ बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | प्रतिवादी **आलम जोल्हा र आएसा जोल्हा** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी सुविधा एवं लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसूरमा हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने